सम्वत् २०८१ साल मंसिर ०२ गते, नेपाल सम्वत् ११४५ कछलागा २, आईतबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री अर्जुन पौडेलको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

उपस्थितिः

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री अर्जुन पौडेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री श्याम कुमार साह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा | सदस्य |
| | श्री प्रध्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री केशव भट्टराई | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री रामहरि खड्का | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |
| | श्री कृष्ण बहादुर कार्की | वरिष्ठ अनुसन्धान सहायक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |
| | डा.त्रिभुवन चन्द्र झा | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री पेम्वा छिरिङ तामाङ | सभापति | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री रिटुपेमा तामाङ | प्रतिनिधि | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री फुर्पु तेन्जिङ तामाङ | संयोजक | ने.क.पा.(माओवादी केन्द्र), रसुवा | सदस्य |
| | श्री | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एकीकृत समाजवादी), रसुवा | सदस्य |
| | श्री | | राष्ट्रिय प्रजातन्त्र पार्टी | सदस्य |
| | श्री शम्भु तामाङ | कार्यालय प्रमुख | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., रसुवा | सदस्य |
| | श्री झम प्रसाद आचार्य | कार्यालय प्रमुख | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | ई.अनिल गिरी | ईन्जिनियर | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | ई | | सडक डिभिजन, नुवाकोट | सदस्य |

जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | ई.उत्तमराज जोशी | ईन्जिनियर | सघन शहरी तथा भवन निर्माण आ., धादिङ (फिल्ड कार्यालय, रसुवा) | सदस्य |
| | ई.खड्गलाल श्रेष्ठ कुमार विक्रम पराजुली | आयोजना प्रमुख इन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | श्री विष्णु प्रसाद रिमाल | नायब सुब्बा | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | ई.सन्जिप भट्टराई | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | श्री रमेश ~~खड्का~~ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा | सदस्य |
| | श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैरसरकारी महासंघ, रसुवा | सदस्य |
| | श्री केशव प्रसाद पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, रसुवा | सदस्य |
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ, रसुवा | सदस्य |
| | श्री सरस्वती अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

अन्य उपस्थिति:

| | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री दुतेन्द्र चाम्लिङ | प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री नविन गिरी | प्रमुख प्रशासकीय अधिकृत | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री गोपाल दुलाल | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङ्मो गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री बलराम न्यौपाने | जनस्वास्थ्य निरिक्षक | उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री भुवनराज ढुंगाना | विपद् फोकल पर्शन | कालिका गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री ज्ञानेन्द्र न्यौपाने लेकाली | वरिष्ठ पत्रकार | राष्ट्रिय समाचार समिति |
| | श्री सरस्वती न्यौपाने | सम्वाददाता | त्रिशुली प्रवाह |
| | श्री गंगा मिजार | सम्वाददाता | रेडियो रसुवा |
| | श्री प्रविन यादव | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री रवि घिमिरे | लेखापाल | जिल्ला प्रशासन कार्यालय, रसुवा |

अन्य उपस्थितिः

| | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| [signature] | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| [signature] | श्री कैलास देवकोटा | खरिदार | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| [signature] | श्री छे छिरिङ तामाङ , | खरिदार | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| [signature] | ई. कुमार विक्रम सराजुली | इन्जिनियर | गल्छी-रसुवागढी सडकयोजना |
| [signature] | अर्जुन पाण्डे | | कालिका नि.पा. |
| [signature] | विनोद कुमार | DRM coordinator | CSRC (PRATIBADDHATI) |
| [signature] | भिमसेन राउत | ASHC | APF. DEOC अफिस |
| | ६ | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. हिमपातबाट हुने जोखिम न्यूनीकरण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०८१ प्रस्तुतीकरण भयो। कार्ययोजना उपर सरोकारवाला निकायहरूको पृष्ठपोषण प्राप्त भयो। प्राप्त पृष्ठपोषणलाई कार्ययोजनामा समावेश गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने।

२. स्थानीय तहहरूले चिसोबाट प्रभावित हुने विपन्न लाभग्राही व्यक्ति/परिवार पहिचान गरी दोहोरो नपर्ने गरी न्यानो कपडा वितरणको व्यवस्था मिलाई DDMC मा समेत जानकारी गराउने।

३. सम्बन्धित निकायले विपद्का घटना पश्चात जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिने तत्काल राहत तथा क्षतिपूर्तिको मागदावी र सिफरिस गर्दा अनुमानित क्षति विवरण र पीडित परिवारको सदस्य संख्या सहितको विस्तृत विवरण स्थलगत मुचुल्कामा उल्लेख गरी सिफरिस गर्ने।

४. गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ धुञ्चे स्थित बालमन्दिर भवन र जिल्ला खेलकुद विकास समितिको भूकम्पबाट क्षतिग्रस्त भवन प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम वार्षिक स्वीकृत कार्यक्रमको अधिनमा रही पुनर्निर्माणको प्रकृया गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालयले अगाडि बढाउने।

५. मिति २०७८।०३।०२ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्यकारी समितिको बैठकबाट भएको निर्णय बमोजिम वडामा रहे निम्नानुसारका न्यूनतम खोज तथा उद्धार सामग्रीहरूको विवरण सबै वडा कार्यालयले व्यवस्थापन गरी सो को जानकारी DDMC लाई गराउने:

निम्न:

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | स्ट्रेचर | १ थान | |
| २. | वाल्टी | ५ थान | |
| ३. | डोरी | २०० मिटर | बलियो |
| ४. | सेफ्टी हेल्मेट | ५ थान | गुणस्तर |
| ५. | बन्चरो | २ थान | |
| ६. | आँसी, हँसिया | २ थान | |
| ७. | गैती | २ थान | |
| ८. | कोदालो, बेल्चा | २/२ थान | |
| ९. | हातखुट्टाको काम्रो | २ थान | |
| १०. | हाते आरी | २ थान | |
| ११. | लिभर | २ थान | राम्रो |
| १२. | घन | २ थान | |
| १३. | टर्चलाईट तथा हेडलाईट | ४ थान | |
| १४. | सिट्टी | केहि थान | |
| १५. | प्राथमिक उपचार सामग्री | आवश्यकतानुसार | |
| १६. | अन्य सामग्री | स्थानगत आवश्यकतानुसार | |

६. जिल्लाको मुख्य राजमार्गको रुपमा रहेको पासाङल्हामु राजमार्ग अन्तर्गतको मूलखर्क देखि बाह्रघुम्तिसम्मको सडकखण्डको बिग्रेका स्थानहरूमा तत्काल मर्मत संभार कार्य गरी सहज रुपमा सवारी आवागमनको व्यवस्था डिभिजन सडक, नुवाकोटले मिलाउने।

७. गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडकखण्ड अन्तरगतको मैलुङदेखि बाह्रघुम्ति हुँदै रसुवागढीसम्मको सडकखण्डको बिग्रेका स्थानहरूमा तत्काल मर्मत संभार कार्य गरी सहज रुपमा सवारी आवागमनको व्यवस्था गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक आयोजना, नुवाकोटले मिलाउने।

८. जिल्ला प्रशासन कार्यालयको गेट हुँदै नेपाल विद्युत प्राधिकरणको गेटसम्मको बैकल्पिक बाटोको स्तरउन्नती गरी निर्बाध रुपमा बाटो सञ्चालनका लागि पूर्वाधार विकास कार्यालय, रसुवाले व्यवस्था मिलाउने।

९. विपद्का घटना पश्चात जिल्ला प्रशासन कार्यालयबाट विपद् व्यवस्थापन कोषबाट निम्न पीडित परिवारलाई वितरण गरिएको क्षतिपूर्ति वापत उपलब्ध गराइएको निम्नानुसारको रकम विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को दफा १०(२ख) बमोजिम अनुमोदन गर्ने।

निम्नः

| क्र. सं. | विपद्को प्रकार | घटना घटेको मिति | स्थान | मृतकको नाम | घरमुलीको नाम,थर | वितरण गरिएको राहत रकम | राहत वितरण गरेको मिति |
|---|---|---|---|---|---|---|---|
| १. | पहिरोमा परि मृत्यु | २०८१।०४।०६ | नौकुण्ड गा.पा. २ पार्टीखर्क | मान कुमारी तामाङ | कान्छा तामाङ | २,००,०००/- (दुई लाख मात्र) | २०८१।०५।१२ |

१०. विपद्का घटना पश्चात जिल्ला प्रशासन कार्यालयमा प्राप्त निम्न व्यक्ति/परिवारलाई विपद्, पीडित उद्धार र राहत सम्बन्धी (सातौ संशोधन) मापदण्ड, २०७७ तथा विपद खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ बमोजिम तत्काल राहत वापतको रकम नियमानुसार उपलब्ध गराउनेः

निम्नः

| क्र.सं. | विपद्को प्रकार | घटना घटेको मिति | निवेदक/घरमुली | कैफियत |
|---|---|---|---|---|
| १. | पहिरो | २०८१/०४/१४ | कृष्ण बहादुर घले | |
| २. | बर्षा/पहिरो | २०८१/०६/१० | लाल बहादुर आचार्य | |
| ३. | बर्षा/पहिरो | २०८१/०६/१३ | शिव बहादुर लामिछाने | |
| ४. | बर्षा/पहिरो | २०८१/०६/१३ | भोजराज लामिछाने | |
| ५. | आगलागी | २०८१।०८।०१ | बिर बहादुर गोले | अन्नपात, लताकपडा, भाडावर्तन, गर गहना, नगद रू.१,५०,०००/-, सहित अं. मुल्य रु.१०,००,०००/- (दश लाख) बराबरको सम्पत्ति जलि नष्ट भएको। |

११. लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, डिभिजन वन कार्यालय र सबै स्थानीय तहहरूले आगलागीबाट हुने जोखिम न्यूनीकरण गर्न एकीकृत कार्ययोजना तयार गरी सन्देशमूलक तथा सचेतनामूलक सूचना सामग्री सञ्चार माध्यमबाट प्रशारण गर्ने व्यवस्था मिलाउने। विपद्को सूचना सबै निकायले सञ्चार माध्यमलाई समेत यथाशीघ्र उपलब्ध गराउने।

१२. विपद् व्यवस्थापनमा जिल्लास्थित राजनीतिक दलहरूले विपद् योजना तयार गरी स्वयंसेवकहरूको सूची तयार गरी विपद् व्यवस्थापनमा सक्रिय सहभागिता गराउने।

१३. सरकारी सवारी, निजी सवारी, यात्रु वाहक सवारी, मालवाहक सवारी साधनहरूले आफ्नो सवारी साधनबाट निस्कने फोहोरमैलालाई आफै व्यवस्थापन गर्न प्रत्येक सवारीमा डस्टबिनको व्यवस्थापन गर्ने। संकलन भएको फोहोर मैला व्यवस्थापन गर्न सम्पूर्ण स्थानीय तहहरूले ठाउँ ठाउँमा डस्टबिनको व्यवस्थापन गर्ने।

# हिमपातबाट हुने जोखिम न्यूनीकरण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०८१ रसुवा

मिति २०८१ मंसिर ०२ गतेको DDMC को बैठकबाट स्वीकृत

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला स्थित हिमपातबाट प्रभावित घरधुरी तथा क्षेत्र गाउँ/टोलका आर्थिक विपन्न तथा विपन्न घर परिवारको पहिचान गरी परिवारको लगत संकलन गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह (सबै) | मंसिर महिना भित्र | - | लगत संकलन भएको हुने |
| २. | जिल्ला आपतकालिन कार्यसञ्चालनको स्रोतसाधन तथा जनशक्तिको अधावधिक गर्ने। | जिल्ला प्रशासन कार्यालय | - | निरन्तर | - | अधावधिक भएको हुने |
| ३. | जिल्ला विपद व्यवस्थापन कोष अद्यावधिक तथा थप वजेट प्रबन्ध गरी तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश | मंसिर मसान्त | - | कोषमा रकम प्रबन्ध भएको हुने |
| ४. | जिल्ला विपद गोदाम घरको सामग्री अद्यावधिक गरी लगत राख्ने, खोज तथा उद्धारका सामग्रीहरू तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय(सबै), रसुवा | निरन्तर | - | अधावधिक भएको हुने |
| ५. | जिल्ला भित्रका पालिकाहरूमा हाल सञ्चालनमा रहेका र सञ्चालन हुन सक्ने हेलिप्याडहरूको GR सहितको लगत अधावधिक गर्ने। | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक | • जिल्ला प्रहरी कार्यालय<br>सशस्त्र प्रहरी बल नेपाल २० नं. गुल्म् हे.क्वा. | - | - | लगत संकलन गरी अधावधिक भएको हुने। |
| ६. | स्थानीयस्तरमा विपद् कोष अधावधिक गर्ने र उपलव्ध बिपद खोज तथा उद्धार गर्न सक्ने जनशक्तिको रोष्टर बनाई तयारी अवस्थामा राख्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | • श्री विष्णु दल गण, ब्राबल ब्यारेक<br>जिल्ला प्रहरी कार्यालय | मंसिर चौथो हप्ता | - | कोष अधावधिक तथा रोष्टर तयार भएको हुने |
| ७. | जिल्लास्तरमा खोज तथा उद्धार सम्वन्धी तालिम प्राप्त कम्तीमा पनि ५० जना जनशक्ति QRT को रुपमा तयारी अवस्थामा राख्ने। | सुरक्षा निकाय (सबै) | • सम्बन्धित स्थानीय तह<br>नेपाल रेडक्रस सोसाईटी | मंसिर चौथो हप्ता | - | जनशक्ति तयारी अवस्थामा राख्ने |
| ८. | हिमपहिरो खोज तथा उद्धारमा लाग्ने सामग्रीहरू खरीद गरी कम्तीमा १० जना जनशक्ति तयारी अवस्थामा राख्ने (ड्रोन क्यामेरा, Avalanche cord, | • जिल्ला विपद व्यवस्थापन समिति<br>• स्थानीय तह (सबै) | गृह मन्त्रालय | मंसिर मसान्त भित्र | ५००,०००/- | खरीद भई तयारी अवस्थामा मौज्दात हुने। |

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| | Mountain Dress, Tampons, Snow Gloves, Snow Goggles', Harness, Ice Axe, Piton Hammer, Folding Shovels, Avalanche Air Bag, Spine Board Stretcher। | • नेपाल रेडक्रस सोसाईटी | | | | |
| ९. | चिसोमा जोखिममा रहेका घरपरिवारका लागि हिमपातको समयावधिमा न्यानो कपडा, तातो सुप, सिरक डसना जस्ता सामग्री बितरण गर्न समन्वय गर्ने। | - जिल्ला विपद् व्यवस्थापन समिति<br>**समन्वय**<br>• जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह (सबै)<br>नेपाल रेडक्रस सोसाईटी | • सुरक्षा निकायहरू<br>• जिल्ला स्थित गैरसरकारी संस्थाहरू | निरन्तर | ५००,०००/- | सामग्री वितरण भएको हुने |
| १०. | जिल्लामा हिमपातको कारण हुन सक्ने सडकहरूको अवरोध तत्काल हटाउने। | सुरक्षा निकाय(सबै) रसुवा | - गाउँपालिका (सबै) रसुवा वडा कार्यालयहरू (सबै) | निरन्तर | - | तत्काल अवरोध हटेको हुने |
| ११. | जाडोका लागि आवश्यक पर्ने काठ दाउरा समयमै उपलब्ध गराउने गरी आवश्यक व्यवस्थापन गर्ने। | • लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय,<br>डिभिजन वन कार्यालय | स्थानीय तह (सबै) | निरन्तर | - | व्यवस्थापन भएको हुने |
| १२. | जिल्ला स्थित सबै गाउँपालिका अन्तर्गत वडास्तरमा हिमपात/चिसोबाट बच्नको लागि समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने। | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह(सबै) | निरन्तर | - | कार्यक्रम सञ्चालन भएको हुने |
| १३. | स्वास्थ्यकर्मी तथा औषधीहरू पर्याप्त मात्रामा राख्ने र द्रुत प्रतिकार्य समुहमा परिचालन गर्नेगरी तयारी अवस्थामा राख्ने। | जिल्ला स्वास्थ्य कार्यालय | • रसुवा अस्पताल,<br>• जिल्ला जनस्वास्थ्य कार्यालय,<br>स्थास्थ्य शाखा, सबै (स्थानीय तह) | निरन्तर | - | तयारी अवस्थामा राखिएको हुने |
| १४. | हिमपात तथा चिसोबाट सुरक्षित रहन संभावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतना मूलक तथा सन्देश मूलक सूचना स्थानीय तहबाट प्रशारण गर्ने। | • स्थानीय तह (सबै),<br>डिभिजन वन कार्यालय | • सुरक्षा निकाय (सबै),<br>सञ्चारकर्मी | निरन्तर | - | जनचेतना भएको हुने |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

सहायक प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १५. | हिमपात, चिसो तथा शीतलहरबाट हुन सक्ने कृषिबाली र पशुपंछीको क्षतिलाई न्यूनीकरण गर्न आवश्यक औषधी उपचार तथा यसबाट बच्ने उपाय सम्बन्धमा सन्देशमूलक सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने। | • स्थानीय तह (सबै),<br>• कृषि ज्ञान केन्द्र नुवाकोट भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | सञ्चारकर्मी | निरन्तर | | जनचेतना भएको हुने |
| १६. | हिमपात, चिसो तथा शितलहर प्रभावित जिल्लाहरूमा संचालन गर्ने कार्यक्रमको बारेमा सूचना संकलन गरी विपद् व्यवस्थापन समितिलाई नियमित पूर्व जानकारी गराउने। | • सुरक्षा निकाय (सबै),<br>नेपाल रेडक्रस सोसाईटी | स्थानीय तह (सबै) | निरन्तर | | नियमित जानकारी भएको हुने |
| १७. | हिमपात कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकमा सांकेतिक चिन्हहरू तथा सूचनामूलक सन्देशहरू राखे। | डिभिजन सडक, नुवाकोट | स्थानीय तह (सबै) | मंसिर मसान्तभित्र | | सांकेतिक चिन्हहरू व्यवस्था भएको हुने |
| १८. | आपतकालिन अवस्थामा आश्रयस्थलहरू आवश्यक हुने हुँदा हरेक वडामा पर्याप्त मात्रामा आश्रय स्थल पहिचान गर्ने। | स्थानीय तह (सबै) | • सुरक्षा निकाय (सबै)<br>नेपाल रेडक्रस सोसाईटी | मंसिर मसान्तभित्र | | आश्रयस्थल पहिचान भएको हुने |

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा